**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क २२३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ भदौं १२ गते शुक्रबार ❑ 28 Aug. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## भोटेकोशी बाढी: ३५९ को शव फेला, हेलिकप्टरमार्फत ७९६ जनाको उद्धार

**रासस**
काठमाडौं, ११ भदौं

रसुवाको भोटेकोशी नदीमा बुधबार बिहान गएको बाढीमा परी ज्यान गुमाउने ३५९ जनाको शव फेला परेको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार धादिङमा ३३ र नुवाकोटमा २८ जनाको शव फेला परेको हो । त्यसैगरी, रसुवामा १७, गोरखामा ३०, नवपरासीपूर्वमा ८२, नवपरासी पश्चिममा १५, तनहुँमा २२ र चितवनमा १३२ जनाको शव फेला परेको प्राधिकरणले जनाएको छ । प्राधिकरणका अनुसार बाढी प्रभावित क्षेत्रबाट हालसम्म ७९६ जनाको हेलिकप्टरमार्फत उद्धार गरिएको छ । बिहीबार मात्रै उद्धारका लागि ६९ वटा हेलिकप्टर उडान भएका छन् । हालसम्म कुल ५० जना विदेशी नागरिकको हेलिकप्टरमार्फत उद्धार गरिएको छ । साथै जमिनबाट हालसम्म ७५६ जनाको उद्धार गरिएको छ । प्राधिकरणका अनुसार बाढी प्रभावित जिल्लाहरू रसुवा र नुवाकोटका लागि रु एक/एक करोड र धादिङलाई रु ५० लाख राहत उपलब्ध गराउने निर्णय गरेको छ । प्रभावित क्षेत्रमा हालसम्म १० ट्रक राहत सामग्री पठाइएको छ । जसमा चाउचाउ, बिस्कुट, 'स्लिपिङ ब्याग', ' म्याट्रेस', ब्ल्याङ्केटलगायत छन् । प्रभावित क्षेत्रमा सञ्चार 'सेट'हरू पनि पठाइएको छ । हेलिकप्टरबाट चार उडान गरी खाद्य तथा गैरखाद्य सामग्री पनि पठाइएको छ ।

प्राधिकरणका अनुसार हाल ९१० जना सम्पर्कविहीन छन् । जसमध्ये नेपाल प्रहरीका २८, नेपाली सेनाका ४४, सशस्त्र प्रहरी बल नेपालका १३, भन्सार कार्यालयका १५, अध्यागमन कार्यालयका चार, रसुवाका १६१ र नुवाकोटका एक जना छन् । साथै विदेशी नागरिक ५१७ जना र नेपाल घुम्न आएका विदेशमा बस्ने नेपाली नागरिक १२७ जना सम्पर्कविहीन छन् ।

## गण्डकी प्रदेशमा मन्त्रिपरिषद् हेरफेर

**पोखरापत्र संवाददाता**
पोखरा, ११ भदौं

नेपाल कम्युनिष्ट पार्टी (एमाले) गण्डकी प्रदेश सरकारबाट बाहिरिएसँगै मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले मन्त्रिपरिषद् हेरफेर गर्नुभएको छ।

मुख्यमन्त्री पाण्डेको सिफारिसमा प्रदेश प्रमुख डिल्लीराज भट्टले मन्त्रालयको कार्यविभाजन गर्नुभएको प्रदेश प्रमुखको कार्यालयका प्रवक्ता प्रवीण पौडेलले जानकारी दिनुभयो । बुधबार एमाले मन्त्रीहरूले राजीनामा दिएपछि मन्त्री पद रिक्त रहेको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, उद्योग तथा पर्यटन मन्त्रालय र स्वास्थ्य मन्त्रालयको जिम्मेवारी मुख्यमन्त्री पाण्डेले आफैँ सम्हाल्नुभएको हो ।

यसअघि भौतिक पूर्वाधारमन्त्रीमा गोविन्दबहादुर नेपाली, कृषिमन्त्रीमा भीम कार्की, उद्योग तथा पर्यटनमन्त्रीमा यशोदा रिमाल र स्वास्थ्यमन्त्रीमा लक्ष्मण पाण्डे रहनुभएको थियो । उहाँहरूले बुधबार मुख्यमन्त्रीसमक्ष राजीनामा दिनुभएको थियो । ऊर्जा, जलस्रोत तथा खानेपानीमन्त्रीमा नन्दप्रसाद न्यौपाने, आर्थिक मामिलामन्त्रीमा जितबहादुर शेरचन, सामाजिक विकास, युवा तथा खेलकुदमन्त्रीमा रेखा गुरुङ र वन तथा वातावरणमन्त्रीमा नम्डु गुरुङ रहनुभएको छ ।

## भोटेकोशी बाढीमा कास्कीका १४ जना सम्पर्कविहीन, पोखराबाट राहत र उद्धारमा सक्रियता

**पोखरापत्र संवाददाता**
पोखरा, ११ भदौं

रसुवा र भोटेकोशी क्षेत्रमा भदौ १० गते आएको विनाशकारी बाढीमा परी कास्कीबाट पुगेका १४ जना अझै सम्पर्कविहीन भएका छन् ।

बाढीपछि परिवार तथा आफन्तको सम्पर्कमा नआएका उनीहरूको खोजी तथा उद्धारका लागि सम्बन्धित निकायसँग समन्वय भइरहेको जिल्ला प्रशासन कार्यालय कास्कीले जनाएको छ । विभिन्न काम, भ्रमण तथा अन्य प्रयोजनले रसुवा पुगेका व्यक्तिहरू सम्पर्कविहीन भएको भन्दै आफन्तले प्रशासनमा जानकारी गराएको जिल्ला प्रशासन कार्यालय कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले बताउनु भयो । हालसम्म १४ जनाको विवरण प्राप्त भएको र अन्य व्यक्ति पनि सम्पर्कविहीन हुन सक्ने भएकाले विवरण संकलनको काम जारी रहेको उहाँले जनाउनु भयो । प्रशासनमा प्राप्त विवरणअनुसार सम्पर्कविहीन हुनेमा पोखरा-१७ की सविना पौडेल, पोखरा-१५ का छमप्रकाश थापा, पोखरा-१५ की मनु बुढा, पोखरा-५ की सृष्टि बास्तोला, पोखरा-६ का अभिषेक आचार्य, पोखरा-१२ का लीलाबहादुर थापा, पोखरा-१२ का सुमन श्रेष्ठ, पोखरा-१५ की देवीकुमारी गुरुङ, पोखरा-१३ की विनु गुरुङ र पोखरा-१४ का गोविन्दबहादुर अधिकारी रहेका छन् । त्यस्तै, कास्कीमा बसोबास गर्दै आएका सिराहाको धनगढीमाई नगरपालिका स्थायी ठेगाना भएका आनन्दकुमार महतो, सिन्धुलीका प्रविन पुर्जा, काठमाडौंका राजेश शर्मा तथा ठेगाना खुल्न नसकेकी प्रमिला पाठक पनि सम्पर्कविहीनको सूचीमा छन्। राजेश शर्मा दुई बालबालिकासहित रहेको हुन सक्ने आफन्तले जानकारी गराउनु भएको छ । यसैबीच, बाढी तथा पहिरोपछि पोखरा ल्याइएका पहिचान नखुलेका नौ जनाको शव व्यवस्थापन गरिएको छ । शवको पोस्टमार्टमलगायत आवश्यक प्रक्रिया पूरा गरी आफन्तको पहिचान भएपछि बुझाइने सहायक प्रमुख जिल्ला अधिकारी बरालले बताउनु भयो । पोखरा क्षेत्रमा एकैपटक ११६ जनासम्मको शव व्यवस्थापन गर्न सकिने क्षमता रहेको प्रशासनले जनाएको छ । कास्कीबाट सहयोग गर्नु हुने दाताहरुले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरेको सहयोगको भौचर तथा सहयोगको स्क्रिन सर्ट प्रशासनसम्म त्यसको फोटो कपि पेश गर्न प्रशासनले आग्रह गरेको छ । यस क्षेत्रबाट के कति सहयोग संकलन भयो त्यसको लेखाजोखा राख्न पनि उक्त अभियानमा सहयोग गर्न प्रशासनले कास्की बासीमा अनुरोध गरेको हो ।

कास्की क्षेत्रबाट कसैले

रसुवाको भोटेकोशी नदीमा आएको बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, गोरखालगायत जिल्लाका नदी तथा खोलाको तटीय क्षेत्र प्रभावित भएका छन्। बाढी र पहिरोका कारण ठूलो जनधनको क्षति हुनुका साथै सयौं नागरिक बेपत्ता हुनु भएको छ । विपद्को प्रभावमा परेका नागरिकको खोजी, उद्धार र राहतका लागि विभिन्न क्षेत्रबाट सहयोग र पहलसमेत बढ्दै गएको छ ।

पोखराबाट राहत र उद्धारमा हातेमालो

बाढी प्रभावित नागरिकको उद्धार तथा राहतका लागि पोखराबाट सरकारी निकाय, निजी क्षेत्र तथा व्यवसायीले सहयोग अघि बढाएका छन्। पोखरा महानगरपालिकाले भोटेकोशी बाढी प्रभावित क्षेत्रमा उद्धार तथा उपचारका लागि नगर प्रहरी र स्वास्थ्यकर्मीको टोली परिचालन गरेको छ । महानगर प्रमुख धनराज आचार्यका अनुसार विपद् व्यवस्थापनसम्बन्धी तालिम प्राप्त नगर प्रहरी, आवश्यक उद्धार सामग्री, प्राथमिक उपचारका उपकरणसहितको एम्बुलेन्स र स्वास्थ्यकर्मीको टोली प्रभावित क्षेत्रमा पठाइएको हो । परिचालित टोलीका लागि आवश्यक सामग्री तथा सम्पूर्ण खर्च महानगरपालिकाले व्यवस्थापन गर्ने उहाँले बताउनु भयो । महानगरपालिकाका सम्पूर्ण जनप्रतिनिधि तथा कर्मचारीका तर्फबाट प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ४५ लाख रुपैयाँ सहयोग गर्ने निर्णयसमेत गरिएको छ। विपद्को कठिन अवस्थामा प्रभावित नागरिकको उद्धार, उपचार तथा राहतमा सहयोग पुगोस् भन्ने उद्देश्यले उक्त रकम प्रदान गर्न लागिएको प्रमुख आचार्यले बताउनु भयो । उहाँले विपद्का कारण प्रभावित नागरिकको उद्धार, राहत तथा उपचारमा स्थानीय तहका तर्फबाट आवश्यक सहयोग निरन्तर उपलब्ध गराउने प्रतिबद्धता जनाउँदै कठिन परिस्थितिमा पीडित नागरिकको साथमा महानगरपालिका रहने बताउनु भयो ।

## प्रधानमन्त्री शाहद्वारा बाढीप्रभावित क्षेत्रको स्थलगत निरीक्षण

**रासस**
काठमाडौं, ११ भदौं



प्रधानमन्त्री वालेन्द्र शाहले बिहीबार बाढीबाट प्रभावित नुवाकोटको विदुर तथा आसपासका क्षेत्रको स्थलगत निरीक्षण सम्पन्न गर्नुभएको छ ।

बिहीबार बिहान ९:३० बजे सडकमार्ग हुँदै पूर्वाधार विकासमन्त्री सुनिल लम्सालसहित नुवाकोट प्रस्थान गर्नुभएका प्रधानमन्त्री शाह प्रभावित बस्तीहरूको भौतिक अवस्था र क्षतिको अवलोकनपश्चात् काठमाडौँ फर्कनुभएको छ उहाँको सचिवालयले जनाएको छ ।

बुधबार रसुवाको भोटेकोशी नदीमा आएको बाढीले नदी तटीय क्षेत्रहरूमा ठूलो क्षति पुर्‍याउनासाथ प्रधानमन्त्री शाह उद्धार र राहत कार्यलाई प्रभावकारी बनाउन निरन्तर सक्रिय रहनुभएको थियो । बाढीलगत्तै उच्चस्तरीय बैठकहरू आह्वान गरी मातहतका निकायहरूलाई आवश्यक निर्देशन दिनुभएका उहाँले विदुर र त्यस आसपासका बाढी प्रभावित क्षेत्रको प्रत्यक्ष जानकारी लिनुभएको हो । भ्रमणका क्रममा प्रधानमन्त्रीको टोलीले बाढीबाट पुगेको भौतिक क्षतिको स्थलगत अनुगमन गर्नुका साथै स्थानीय प्रशासन, सुरक्षा निकाय र जनप्रतिनिधिसँग विस्तृत छलफल गरेको थियो । सो क्रममा प्रधानमन्त्री शाहले विस्थापित परिवारका लागि तत्काल राहत उपलब्ध गराउन, अवरुद्ध सडक तथा पूर्वाधारहरू शीघ्र सञ्चालनमा ल्याउन र दीर्घकालीन पुनःस्थापनाको कामलाई तीव्रता दिन स्थानीय प्रशासन र सम्बद्ध निकायहरूलाई निर्देशन दिनुभयो । स्थलगत निरीक्षण र आवश्यक निर्देशनपश्चात् प्रधानमन्त्रीको टोली काठमाडौँ फर्किएको छ ।


## बाल अधिकारको संरक्षण गरौं

- बालबालिकाको अधिकारको सम्मान गरौं,
- वालश्रम, वालविवाह, वालहिंसा तथा सबै प्रकारका शौषणको अन्त्य गरौं,
- बालबालिकालाई गुणस्तरीय शिक्षा, स्वास्थ्य र पोषण सुनिश्चित गरौं,
- बालमैत्री, सुरक्षित र भेदभावरहित वातावरण निर्माण गरौं,
- बालबालिकाको विचार र सहभागितालाई उचित सम्मान गरौं,
- बालबालिकालाई अनलाइन तथा साइबर जोखिमबाट सुरक्षित राखौं,
- परिवार, विद्यालय र समुदाय मिलेर बाल अधिकारको संरक्षणमा सक्रिय बनौं,

समुन्नत राष्ट्र निर्माणका लागि बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**


## प्रभावित क्षेत्रमा पुनर्निर्माणको महाअभियान चलाउँछौँ: अर्थमन्त्री वाग्ले

**रासस**
काठमाडौं, ११ भदौं


अर्थमन्त्री डा स्वर्णिम वाग्लेले बाढीप्रभावितको उद्धार र राहतका लागि तत्कालै आवश्यक पर्ने स्रोत र आवश्यकतामा कमी नहुने गरी काम गरिरहेको बताउनुभएको छ ।

भोटेकोशी बाढीबाट भएको क्षति, खोजी तथा उद्धार, राहत र पुनःस्थापनाका विषयमा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेको आह्वान गरेको सर्वदलीय बैठकपछि सञ्चारकर्मीसँग प्रतिक्रिया दिँदै अर्थमन्त्री वाग्लेले बाढीप्रभावितको उद्धार, राहत कार्यमा कुनै पनि कमी हुन नदिने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

"अहिले यो दुई-चार दिन हामी राहत र उद्धारमा नै खटिरहेका छौँ । अलपत्र पर्नुभएका धेरै नेपाली नागरिक एवं विदेशी पर्यटकहरू सबैको उद्धार चलिरहेको छ," उहाँले भन्नुभयो, "मौसमले साथ दिएसम्म उद्धारका गतिविधिहरू चलिरहेकै छन् ।" अर्थमन्त्री वाग्लेले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु दुई अर्ब ३४ करोड रहेको बताउनुभयो । "अर्थ मन्त्रालयले गृह मन्त्रालयको लागि एक अर्ब १७ करोड विनियोजन गरिसकेको छ," उहाँले भन्नुभयो, "हामीसँग अहिले तत्काललाई साधन, स्रोत र आर्थिक आवश्यकतामा कमी नहुने गरेर अगाडि बढ्नको लागि मन्त्रिपरिषद्को बैठकले मलाई जिम्मेवारी दिएको छ ।" अर्थमन्त्री वाग्लेले उद्धार र राहतपछि मात्रै दीर्घकालीन,


बाँकी अन्तिम पृष्ठमा ▶▶





# बाढीपीडितका लागि प्रदेशसभा सदस्य थापाबाट पाँच लाख सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, ११ भदौं

गण्डकी प्रदेशका पूर्वसामाजिक विकास, युवा तथा खेलकुदमन्त्री एवं प्रदेशसभा सदस्य विन्दुकुमार थापाले भोटेकोशीलगायत बाढीपहिरो प्रभावित नागरिकको लागि रु पाँच लाख सहयोग गर्नुभएको छ।

थापाले उद्धार तथा राहतका लागि आफ्नो छ महिनाको पारिश्रमिक बराबर रु पाँच लाख प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्नुभएको हो।

देशका विभिन्न जिल्लामा प्राकृतिक विपद्का कारण जनधनको ठूलो क्षति भइरहेका बेला प्रभावित नागरिकको खोज, उद्धार तथा राहत कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले आफूले पाउने पारिश्रमिक सरकारी राहत कोषमा प्रदान गरेको थापाले बताउनुभयो। यस्तो कठिन परिस्थितिमा तत्काल उद्धार, राहत र प्रभावित परिवारको पुनःस्थापनाका लागि सहयोग आवश्यक रहेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "जनताको दुःखमा साथ दिनु मेरो कर्तव्य हो। राहत साँच्चिकै आवश्यकता भएका नागरिकसम्म पुगोस् भन्ने उद्देश्यले आफ्नो पारिश्रमिक सहयोग गरेको हुँ", थापाले भन्नुभयो।

प्राकृतिक विपद्का समयमा राज्यका संयन्त्रसँगै जनप्रतिनिधि, राजनीतिक दल, निजी क्षेत्र, सामाजिक सङ्घसंस्था तथा आमनागरिकले पनि आफ्नो क्षमताअनुसार सहयोग र सहकार्य गर्नुपर्ने थापाको भनाइ छ। उहाँले यसअघि पनि प्रदेश सरकारबाट पारिश्रमिक तथा अन्य सेवासुविधाबापत पाउने रकम सामाजिक कार्यमा सहयोग गर्दै आउनुभएको छ।

## प्रभावित...

मध्यकालीन रूपमा पुनर्निर्माणका कामहरू अघि बढाइने बताउनुभयो । प्रभावित क्षेत्रमा पुनर्निर्माणको काम भने अत्याशलाग्दो रहेको बताउँदै उहाँले तथ्य र तथ्याङ्क आइसकेपछि २०७२ सालको भूकम्पमा जसरी नै पुनर्निर्माणको महाअभियान सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । अर्थमन्त्री वाग्लेले स्रोतसाधन र अन्तरराष्ट्रिय सहयोज जुटाउने काममा पनि सरकार लागिसकेको स्पष्ट पार्नुभयो। "हामीले विश्व बैङ्कसँग कुरा गरेर करिब रु २५ अर्ब जतिको आर्थिक सहायता जुटाएका थियौँ," उहाँले भन्नुभयो, "चीन, भारत, जापान सरकारबाट, एसियाली विकास बैङ्कबाट, इन्टरनेसनल फेडरेसन अफ द रेडक्रस जेनेभाबाट तुरुन्तै सहयोगहरू आउने प्रतिबद्धता हामीले पाएपछि एउटा आत्मविश्वासका साथ हामी अगाडि बढेका छौँ।"

अर्थमन्त्री वाग्लेले बाढीको कारणले करिब २५ वटा पक्की पुल र ७०० मेगावाट क्षमताको जलविद्युत् आयोजनामा क्षति पुगेको बताउनुभयो । अर्थमन्त्री वाग्लेले सरकारले मात्रै नभएर सबै निकायसँग समन्वय गरेर अघि बढ्ने बताउनुभयो । "समाजका सबै पक्ष, दल, निकायहरू पुनः निर्माणको अभियानमा लाग्नुपर्ने आवश्यकता छ", उहाँले भन्नुभयो।

# पोखरा १६ मा मानव बेचविखन विरुद्ध स्थानीय समिति गठन

**पोखरापत्र संवाददाता**
पोखरा, ११ भदौं




पोखरा महानगरपालिका वडा नं. १६ मा मानव बेचविखन तथा ओसारपसार नियन्त्रणका लागि वडास्तरीय समिति गठन भएको छ।

बाल तथा महिला ससक्तिकरण समाज नेपाल, कास्कीको संयोजन र वडा कार्यालयको आयोजनामा भएको भेलाले वडाध्यक्ष अमृत शर्मा तिमिल्सीनाको अध्यक्षतामा ११ सदस्यीय स्थानीय समिति गठन गरेको हो । समितिको सदस्यमा महिला जनप्रतिनिधि राजकुमारी बानियाँ, विन्ध्यवासिनी माविका प्रधानाध्यापक कृष्ण प्रसाद आचार्य, अर्मला प्राथामिक स्वास्थ्य केन्द्रका रेनुका पाण्डे, दलित अधिकारकर्मि ओममाया नेपाली, महिला समुहकी तारा भट्टराई, बाल क्लवका कृपन बास्तोला,लामाचौर सिआरभिका विदुर खत्री र मनोनित सदस्यमा शोभा आचार्य छन् । समितिको सदस्य सचिवमा वडा सचिव कुल प्रसाद पौडेल रहेको वडाका सहायक प्रशासकिय अधिकृत श्रीराम पौडेलले जानकारी दिए।

आस्था परियोजना अर्न्तगत गठन भएको सो समितिले स्थानीय स्तरमा मानव बेचविखन तथा ओसारपसार विरुद्ध जनचेतना जगाउने,वडाभित्र जोखिममा रहेका व्यक्तिको उद्धार गर्ने, बेचविखन प्रभावितका लागि राहतकोष स्थापना तथा संचालन गर्ने लगायतका काम गर्ने बताईएको छ । यसअघि भेलामा बोल्दै वडा सदस्य राजकुमारी बानियाँले मानव बेचविखन जस्तो बिषय आफैमा संवेदनशील रहेको बताउँदै, यसको नियन्त्रणका लागि सबै पक्ष जागरुप हुनुपर्नेमा जोड दिईन् । उनले वडाभित्र यस्ता किसिमका समस्या देखिएमा समस्या समाधान गर्न समितिले सक्रियता पुर्वक भुमिका निर्वाह गर्ने अपेक्षा गरिन् । वडा सदस्य रामचन्द्र आचार्यले समाजमा देखिने यस्ता घटना न्युनिकरणका लागि बिभिन्न संस्थाको समन्वयमा सचेतनामुलक कार्यक्रम संचालन गर्नुपर्नेमा जोड दिए। बाल तथा महिला ससक्तिकरण समाज नेपालका परियोजना प्रमुख ईन्दिरा पराजुलीले संस्थाले गरेका गतिविधीको जानकारी गराउँदैं, मानव बेचविखन जस्तो जघन्य अपराधका विरुद्ध सबैको प्रयासले मात्र सार्थकता पाउने स्पष्ट पारिन् । उनले अभियान अर्न्तगत पोखराका ३३ वटै वडामा स्थानीय समिति गठन भएको जानकारी दिईन् । वडा सदस्य राजकुमारी बानियाँको अध्यक्षतामा भएको कार्यक्रमको संचालन वडा कार्यालयका सहायक प्रशासकिय अधिकृत श्रीराम पौडेलले गरेका थिए। हाल संस्थाले समितिको सिफारिस बमोजिम मानव बेचविखनमा परेको व्यक्ति वा परिवारलाई सिपमुलक तालिम र आय आर्जन मार्फत जिविकोपार्जनका लागि सहयोग गदै आईरहेको जनाईएको छ।

# भोटेकोशी बाढीः तमानखोलाका नौ जना सम्पर्कविहीन

**पोखरापत्र संवाददाता**
बागलुङ, ११ भदौं

भोटेकोशीमा आएको बाढीपछि त्यहाँका जलविद्युत् आयोजनामा कार्यरत बागलुङका नौ जना सम्पर्कविहीन भएका छन्।

रसुवा र नुवाकोट क्षेत्रमा आएको बाढीका कारण बागलुङको तमानखोला गाउँपालिकाका नौ जना नागरिक सम्पर्कविहीन भएका तमानखोला गाउँपालिकाका अध्यक्ष जोकलाल बुढाले जानकारी दिनुभयो । माथिल्लो त्रिशूली जलविद्युत् आयोजना (अपर त्रिशूली हाइड्रोपावर २१६ मेगावाट, ड्यामसाइड हाकुबेँसी) तथा सोही क्षेत्र आसपासमा कार्यरत नौ जना स्थानीय बाढीपछि सम्पर्कविहीन भएका उहाँले उल्लेख गर्नुभयो। अध्यक्ष बुढाका अनुसार बाढीपछि तमानखोला-१ का ३७ वर्षीय पदमबहादुर घर्तीमगर, सोही स्थानका ३२ वर्षीय इन्द्रकुमार विक, तमानखोला-१ रिक्लाङ्गका २२ वर्षीय विष्णु घर्तीमगर, तमानखोला-२, बोङ्गाखानीका ३७ वर्षीय भीमबहादुर छन्त्याल, सोही स्थानका ५० वर्षीय खड्क छन्त्याल, तमानखोला-३, तमानका २२ वर्षी सञ्जय शेर्पाली, सोही स्थनाका ५० वर्षीय दलप्रसाद बुढा, तमानखोला-४ लाममेलाका ५८ वर्षीय लाता कामी र सोही स्थानका ४७ वर्षीय भीमबहादुर विक सम्पर्कविहीन भएका छन् । बागलुङका सहायक प्रमुख जिल्ला अधिकारी नवराज बरालले अहिलेसम्म तमानखोलाबाट नौ जना सम्पर्कविहीन भएका जानकारी आएको बताउँदै अन्य पालिकाबाट पनि विभिन्न काम तथा भ्रमणमा गएका नागरिक हुनसक्ने आशङ्का गरिएको बताउनुभयो। यसैबीच, भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित नागरिकको राहत तथा पुनःस्थापनाका लागि बागलुङको गलकोट नगरपालिकाले रु छ लाख ९० हजार राहतस्वरुप सहयोग पठाउने निर्णय गरेको छ। बाढीका कारण भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै नगरपालिकाले मृतकप्रति श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारजनमा समवेदना व्यक्त गर्दै गलकोट नगरपालिका, जनप्रतिनिधि र कर्मचारीका तर्फबाट उक्त रकम सहयोग गर्ने निर्णय गरिएको नगरप्रमुख भरत शर्मा गैरेले जानकारी दिनुभयो । उक्त रकम सरकारको कोषमा जम्मा गरिने छ।

विपद्को यस कठिन घडीमा स्थानीय तह, सरकारी तथा गैरसरकारी निकाय, सामाजिक सङ्घसंस्था, राजनीतिक दल, निजी क्षेत्र तथा नागरिकबीच सहकार्य र मानवीय सहयोग गर्न अपिलसमेत गरिएको छ।

# भोटेकोशी बाढीः त्रिशूली नदीको गोरखातर्फ ३९ शव फेला

**पोखरापत्र संवाददाता**
गोरखा, ११ भदौं

भोटेकोशी नदीमा बुधबार गएको बाढीपछि गोरखा जिल्लासँग सिमाना जोडिएका क्षेत्रमा हालसम्म ३९ शव फेला परेका छन्।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक राजकुमार श्रेष्ठका अनुसार प्रहरीले त्रिशूली नदीको गोरखातर्फको बगरमा ती शवहरू फेला पारेको हो। त्रिशूलीमा अधिकांश शव शारीरिक रूपमा क्षति भई चिन्न नसकिने अवस्थामा फेला परेका जनाउँदै प्रहरी नायब उपरीक्षक श्रेष्ठले ११ वटा सग्ला शव फेला परेका बताउनुभयो।

"हालसम्म फेला परेका ११ वटा सग्ला शव पोखरा पठाएका छौँ। शारीरिक रूपमा क्षति भएका शव गोरखा अस्पतालको शवगृहमा छन्", उहाँले भन्नुभयो।

नदी किनारमा अन्य शवको खोजीकार्य जारी रहेको जिल्ला प्रहरी कार्यालय गोरखाले जनाएको छ। गोरखाको गण्डकी गाउँपालिका-८ धवादीघाट, वडा नं ६ भुम्लिचोक, गण्डकी-१ बुङ्टार, वडा नं ४ ठेउवाटार र वडा नं ७ ज्यामिरेघाटस्थित त्रिशूली नदी किनारबाट उक्त शव फेला परेका प्रहरी नायब उपरीक्षक श्रेष्ठले जानकारी दिनुभयो।

# गोसाइँकुण्ड गएका तनहुँका चार जना परिवारको सम्पर्कमा

**पोखरापत्र संवाददाता**
दमौली, ११ भदौं

तनहुँको भिमादबाट गोसाइँकुण्ड तीर्थयात्राका लागि गएका चार जना परिवारको सम्पर्कमा आएका छन् । भिमाद-६ का नारायण मरासिनी, बालकृष्ण पोखरेल, सन्देश पोखरेल र गणेश उप्रेती गोसाइँकुण्ड तीर्थयात्राका लागि जानुभएको थियो।

उहाँहरू चारै जना सकुशल रहेका परिवारसँग सम्पर्कमा जानकारी प्राप्त भएको प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीले जानकारी दिनुभयो । रसुवाको भोटेकोशी बाढीका कारण सम्पर्कविहीन भएका जिल्लावासीको खोजी गर्ने र अवस्थाबारे बुझ्ने कार्य भइरहेको उहाँले बताउनुभयो। प्रजिअ तिवारीका अनुसार सम्पर्कविहीन हुनेमा भानु नगरपालिका-१ का सञ्जीव गुरुङ रहनुभएको छ। गुरुङसहित तीन जना व्यवसायको सिलसिलामा टिमुरेतर्फ जानुभएको थियो । भन्सार कार्यालयमा कार्यरत आँबुखैरेनी गाउँपालिका-३ का प्रेम सेढाईं, रसुवा हाइड्रोपावरमा काम गर्ने ऋषिङ गाउँपालिका-७ का धनबहादुर आले र शुक्लागण्डकी नगरपालिका-१२ जसपुर निवासी बिनु गुरुङ सम्पर्कविहिन रहेका बताउनुभयो । तिवारीले रसुवा, नुवाकोट, धादिङलगायत बाढी प्रभावित क्षेत्र र आसपासमा पुगेका तनहुँमध्ये हालसम्म परिवार तथा आफन्तको सम्पर्कमा नरहेका व्यक्तिबारे तत्काल जानकारी गराउन सम्बन्धित सबैलाई आग्रह गर्नुभएको छ । उहाँले सम्पर्कविहीन व्यक्तिको खोजी तथा उद्धारमा सहजीकरणका लागि जिल्ला प्रशासन कार्यालय, नजिकको प्रहरी कार्यालय वा सञ्चारमाध्यममार्फत तत्काल खबर गर्न अनुरोध गर्नुभएको छ।

प्रमुख जिल्ला अधिकारी तिवारीले विपद्को यस कठिन अवस्थामा सबैले आ-आफ्नो भूमिका र जिम्मेवारीअनुसार खोजी, उद्धार तथा राहत कार्यमा सहयोग गर्न पनि आग्रह गर्नुभएको छ।

# बाढी पीडितका लागि कास्कीका दुई पालिकाद्वारा ५५ लाख सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, ११ भदौं

रसुवाको भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित नागरिकको उद्धार, उपचार तथा राहतका लागि कास्कीका पालिकाले सहयोग गरेका छन्।

पोखरा महानगरपालिकाले रु ४५ लाख र मादी गाउँपालिकाले रु १० लाख सम्पूर्ण जनप्रतिनिधि तथा कर्मचारीका तर्फबाट प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सहयोग गर्ने निर्णय गरेका हुन् । पोखराले उद्धार तथा स्वास्थ्यकर्मीको टोलीसमेत प्रभावितक्षेत्रमापरिचालनगरेकोछ। महानगरप्रमुख धनराज आचार्यका अनुसार विपद् व्यवस्थापनसम्बन्धी तालिम प्राप्त नगर प्रहरी, आवश्यक उद्धार सामग्री, प्राथमिक उपचारका उपकरणसहितको एम्बुलेन्स तथा स्वास्थ्यकर्मीको टोली प्रभावित क्षेत्रमा पठाइएको हो।

"बाढी प्रभावित नागरिकको उद्धार, उपचार तथा राहत कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले टोली परिचालन गरिएको छ। परिचालित टोलीका लागि आवश्यक सामग्री तथा सम्पूर्ण खर्च महानगरपालिकाले व्यवस्थापन गर्नेछ", उहाँले भन्नुभयो । मादी गाउँपालिकाले विपद्बाट प्रभावित नागरिकको राहत, उद्धार तथा पुनःस्थापनामा सहयोग पुग्ने विश्वाससहित आवश्यक सहयोग उपलब्ध गराउने निर्णय गरिएको अध्यक्ष देवीजङ्ग गुरुङले बताउनुभयो । प्राकृतिक विपद्ले ठूलो मानवीय तथा भौतिक क्षति पुऱ्याइरहेका बेला स्थानीय सरकारहरूको सहयोग र ऐक्यबद्धतालेप्रभावितनागरिकलाई राहत मिल्ने विश्वास सहित जनप्रतिनिधि र कर्मचारीबाट सो सहयोग गर्ने निर्णय गरिएको उहाँले बताउनुभयो।

# भोटेकोशी बाढीः गोरखाबाट ५५ जना सम्पर्कविहीन

**पोखरापत्र संवाददाता**
गोरखा, ११ भदौं

भोटेकोशी बाढीमा परी गोरखाका जिल्लाका ५५ व्यक्ति सम्पर्कविहीन भएका छन्।

पालुङटार नगरपालिकाका ३१, सहिदलखनका सात, धार्चेका चार, भीमसेन थापाका तीन, बारपाक सुलिकोटका ६ र सिरानचोकका दुई र आरुघाट गाउँपालिकाका तीनजना बेपत्ता भएको सहायक प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले बताउनुभयो।

बाढीमा परेर पालुङटार नगरपालिका-५ ठाँटीपोखरीबाट गोसाइँकुण्ड यात्रामा गएका ३१ यात्रुहरू बुधबार बिहानदेखि सम्पर्कविहीन भएको पालिकाकी उपप्रमुख बन्दना पाण्डेले बताउनुभयो। ग २ ख ११५२ नम्बरको बसमा सवार ३७ यात्रुमध्ये ६ जना झ्यालबाट हामफालेर सुरक्षित रहेको र बाँकीको अवस्था भने अज्ञात रहेको उहाँले जानकारी दिनुभयो । रसुवाको बाढीमा परेर सहिदलखन गाउँपालिकाका सात जना सम्पर्कविहीन बनेको पालिका अध्यक्ष रमेश थापा मगरले बताउनुभयो। "बाढी प्रभावित क्षेत्रमा डोजर अपरेटरका रूपमा कार्यरत पालिकाको वडा नं १ का एक, वडा नं ३ का एकजना ट्रक ड्राइभर, विद्युत्को काम गर्ने वडा नं ६ का एक, वडा नं ७ घर भएका एकजना होटल व्यवसायी र अर्को एकजना ट्रेकिङ व्यवसायी र वडा नं ८ घर भएका दुईजना ट्रेकिङ व्यवसायीहरू सम्पर्कविहीन छन्", थापाले भन्नुभयो। धार्चे गाउँपालिका-४ लाप्राकका चारजना पनि रसुवा बाढीमा परेर बेपत्ता भएका पालिका अध्यक्ष लक्ष्मण गुरुङले बताउनुभएको छ । लाप्राक घरभई रसुवामा सशस्त्र प्रहरीमा कार्यरत एकजना र अलपाइन इको ट्रेकिङ कम्पनीमा कार्यरत तीनजना पर्यटक सहयोगी बेपत्ता भएका गुरुङले जानकारी दिनुभयो।

भीमसेन थापा गाउँपालिकाका तीनजना नागरिक रसुवा बाढीमा परेर सम्पर्कविहीन बनेको अध्यक्ष लोकप्रसाद बन्जराले जानकारी दिनुभयो। भीमसेन थापा वडा नं ३ घर भई रसुवामा सरकारी कर्मचारीका रूपमा कार्यरत एक र वडा नं ६ र १ का एक/एक जना ट्रेकिङ व्यवसायीको अवस्था अज्ञात रहेको उहाँको भनाइ छ । बारपाकसुलिकोट गाउँपालिकाका ६ जना बाढीमा बेपत्ता भएका पालिका अध्यक्ष विष्णु भट्टले बताउनुभयो । बारपाकसुलिकोट-४ का तीनजना रसुवा बाढीमा बेपत्ता भएका छन् । उनीहरूमध्ये एकजना नेपाली सेना र अन्य दुईजना पर्यटन मजदुर रहेका अध्यक्ष भट्टले जानकारी दिनुभयो। उहाँका अनुसार वडा नं ३ र ६ का एक/एक जना पर्यटन मजदुर बेपत्ता भएका छन्। "वडा नं ५ को पनि एकजना बेपत्ता छ भन्ने खबर आएको छ। उहाँ अपर त्रिशूली हाइड्रोपावरमा काम कार्यरत्त थिए", उहाँले भन्नुभयो।

यस्तै, सिरानचोक र आरुघाट गाउँपालिकाका दुई-दुई जना नागरिकहरू रसुवा बाढीपछि सम्पर्कबिहीन बनेका पालिकाका प्रमुखहरूले जानकारी दिनुभयो।

सिरानचोकको वडा नं ८ र वडा नं ५ का १/१ जना सम्पर्कविहीन छन् । उनीहरू रसुवागढी हाइड्रोपावरमा कार्यरत रहेका पालिकाको प्रमुख प्रशासकीय अधिकृत ठाकुरप्रसाद अर्यालले बताउनुभयो। "आरुघाटको वडा नं ९ का एकजना ड्राइभरका रूपमा पर्यटक लिन स्याफ्रुबेँसी पुगेका एकजना सम्पर्कविहीन छन्", पालिका अध्यक्ष राजु गुरुङले भन्नुभयो, "अर्को वडा नं ३ का एकजना रसुवामा मजदुर काम गर्ने पनि बेपत्ता छ भन्ने खबर आएको छ । हामीले उनीहरूको अवस्थाबारे बुझ्न खोजिरहेका छौँ।"

बुधबार बिहान ९:०० बजे तिब्बती क्षेत्रबाट भोटेकोशीमा आएको बाढीले रसुवा, नुवाकोट, धादिङ, गोरखा र चितवन आसपासको क्षेत्रमा ठूलो क्षति पुऱ्याएको छ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि

डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि

डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

केवल कर्महीन नै त्यस्तो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ। - गौतम बुद्ध

## सम्पादकीय

# रक्षा बन्धनको शुभकामना

हिन्दु धर्मावलम्बीले मनाउने चाडपर्व मध्ये रक्षाबन्धन जनैपूर्णिमा विषेश महत्वको छ । आजको दिनलाई जनैपूर्णिमा, श्रावणी, रक्षा बन्धन, ऋषि तर्पणी, ऋषि पूर्णिमा र क्वाँटी पूर्णिमा समेत भनिन्छ। जनैपूर्णिमामा नदी, तलाउ वा तीर्थस्थलको किनारमा एकत्रित भएर वैदिक विधिपूर्वक स्नान, सूर्यआराधना, प्राणायाम, अग्निहोत्र र ऋषिको पूजा गरिन्छ। यसरी पूजा गर्दा शारीरिक, मानसिक तथा आध्यात्मिक शुद्धि हुने विश्वास गरिन्छ। सुरक्षाको प्रतीक सूत्र नाडीमा बाँधिने भएर रक्षा बन्धनको शब्दले पनि चिनिन्छ। पछिल्लो समय दिदीबहिनीले दाजुभाइलाई राखी बाँधीदिने गरिन्छ। भारतीय चलन नेपालमा सरेको छ। राखी कुटनीति पनि हुन थालेको छ।

जनैपूर्णिमाको दिन घरघरमा क्वाँटी पकाएर खाने चलन छ। क्वाँटीमा विभिन्न थरिका गेडागुडी चना, मस्याङ, बोडी, मास, भटमास, सिमी, बकुल्ला, केराउ, राज्मा मिसाएर टुसा उमारी बनाइने गरिन्छ। क्वाँटीमा कार्बोहाइड्रेड, प्रोटिन, भिटामिन, मिनरल्स, आइरन तथा फाइबर पर्याप्त मात्रामा पाइने हुँदा यसले थकित शरीरमा ऊर्जा जगाउनुका साथै चिसो पनि भगाउँछ। गुरु विधिपूर्वक मन्त्रिएको जनै धारण गरेमा नकारात्मक तत्वबाट सुरक्षा प्राप्त हुने धार्मिक विश्वास छ। जनै पूर्णिमाको दिन विधिपूर्वक वेदका मन्त्रले अभिमन्त्रणा गरिएको जनै पहिरिने नेपालमा प्रचलन छ। त्यहीअनुसार गुरु पुरोहितले विधिपूर्वक मन्त्रिएको जनै एवं डोरो धारण गरिन्छ।

जनै पूजा, पितृ कार्यमा समेत अत्यावश्यक हुन्छ। डोरोको पनि विभिन्न धार्मिक क्रियाकलापमा विशेष महत्व हुन्छ। हिन्दु धर्मावलम्बीले जनै पूर्णिमाको अवसरमा धेरैले नयाँ जनै ग्रहण गर्ने गर्छ। धेरै महत्व बोकेको चाडमा सरकारले सार्वजनिक विदा दिएको छाजनैनलगाउनेले पनि राखी बाँध्ने हुँदा चाडपर्व साझा बन्दै गएका छनायो चाड जनै लगाउनेको मात्र नभइ दाजुभाइ र दिदीबहिनीको मिलनको अवसर पनि भएको छासबैले मनाउन सक्ने बनाउन सकेमा जनैपूणिमार्को महत्व बढेर जानेछ । रक्षाबन्धन जनैपूर्णिमाको अवसरमा सबैमा हार्दिक शुभकामना।

## नामथर, जन्म मिति फरक पर्न गएको सूचना



लमजुङ जिल्ला साविका गिलुङ गा.वि.स. वडा नं.-०९ हाल क्व्होलासोथार गाउँपालिका वडा नं.-९ निवासी भारतीय भू.पू. सैनिक नं. **5241459A HAV 4/3** जि.आर. का आस बहादुर गुरुङको पत्नी रुप कुमारीले प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्र (ना.प्रा.नं. १५५९) मा नामथर ज्याबु भन्ने रुप कुमारी गुरुङ **(Jyabu Laias Rupa Kumari Gurung)** र जन्म मिति वि.सं. २०११/११/०३ (ई.सं. १९५५-०२-१४) उल्लेख भएको र भारतीय सैनिक अभिलेखमा नामथर रुप कुमारी **(Rup Kumari)** र जन्म मिति वि.सं. २०११/१०/१८ (ई.सं. १९५५-०१-३१) उल्लेख भई नामथर र जन्म मिति फरक परेता पनि उल्लेखित फरक-फरक नामथर र जन्म मिति गरेको व्यक्ति फरक-फरक नभई एउटै व्यक्ति भएको क्व्होलासोथार गाउँपालिका ९ नं. वडा कार्यालय च.नं. ४० मिति २०८३/०५/०१ को सिफारिस पत्रबाट लेखि आएकोले सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## जन्म मिति फरक पर्न गएको सूचना



स्याङ्जा जिल्ला अर्जुनचौपारी गाउँपालिका वडा नं.-६, निवासी भारतीय भू.पू. सैनिक नं. **5343268Y TS No. 150087 NK तिल बहादुर गुरुङ**को श्रमिती **विष्णु कुमारी गुरुङ**को ना.प्र.मा जन्म मिति **वि.सं. २०१८/०९/०७ (1961 Dec. 21 A.D.)** भएको तर सैनिक अभिलेखमा जन्म मिति **वि.सं. २०१७/११/०५ (1961 Feb. 16 A.D.)** उल्लेख भई फरक परेकोले फरक फरक जन्म मिति भएतापनि व्यक्ति **एउटै भएको व्यहोरा प्रमाणित** गरिदिनुहुन भनी उक्त वडा कार्यालयको च.नं. ८७, मिति २०८३/०५/०८ को सिफारिस पत्रबाट लेखि आएकोले सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | सहयोग मिल्नेछ | तुला | शत्रुको भय |
| वृष | ब्यापारमा लाभ | वृश्चिक | कार्यमा सफलता |
| मिथुन | झमेला बड्ने | धनु | अप्रत्यसित लाभ |
| कर्कट | स्वास्थ्यमा सुधार | मकर | शारीरिक झमेला |
| सिंह | शुभ यात्रा | कुम्भ | सत्कार मिल्नेछ |
| कन्या | आर्थिक समस्या | मीन | मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# हैदरावादसँग नेपाल 'ए' पराजित

**रासस**
काठमाडौं, ११ भदौं

अष्ट्रेलियामा जारी टप एन्ड टी-२० सिरिजअन्तर्गत बिहीबार भएको खेलमा नेपाल 'ए' हैदराबाद किङ्समेन एकेडेमीसँग ३१ रनले पराजित भएको छ।

जितका लागि पछ्याएको १९८ रनको लक्ष्य नेपाल 'ए'ले १९.२ ओभरमा सवै विकेट गुमाउँदै १६६ रन मात्र बनाउन सक्यो। नेपालको सुरुआत निराशाजनक रह्यो। मयन यादव एक रन नबनाइकन आउट भए। त्यसपछिपनि नेपालले नियमित विकेट गुमाउँदै गयो । नेपालका लागि कुशल भुर्तेलले सर्वाधिक ६६ रन बनाए । उनले ४६ बल खेल्ने क्रममा ६ चौका र ४ छक्का प्रहार गरे। त्यस्तै लोकेश बमले २३ बलमा ३८ रन बनाए भने राशिद खानले ११, नारायण जोशीले १२ तथा बिपिन खत्रीले १० रन बनाए। बलिङतर्फ हैदराबादका लागि स्कट कुगेलेइन र उसामा मिरले तीन तीन विकेट लिए भने अलि शेखले दुई विकेट हात पारे । त्यसअघि डर्विनस्थित गार्डेन्स ओभलमा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको हैदराबाद किङ्समेन एकेडेमीले निर्धारित २० ओभरमा ५ विकेट गुमाएर १९७ रन बनायो।

हैदराबादका लागि शेहान जयसूर्याले ४४ बलमा चार चौका र पाँच छक्कासहित ६७ रनको योगदान दिए। यस्तै हम्माद आजमले ११ बलमा दुई चौका र दुई छक्कासहित अविजित २६ रन बनाए। मिलिन्द कुमारले २५, शायान जहाँगीरले २७, तय्याब आरिफले २३ तथा अली शेखले २२ रनको योगदान दिए।

बलिङतर्फ नेपालका नारायण जोशीले दुई तथा राशिद खान, पवन सर्राफ र कुशल भुर्तेलले एक एक विकेट लिए । यससँगै पाँच खेल खेलको नेपालले दुई खेलमा जित तथा तीन खेलमा हार बेहोरेको छ। बुधबार भएको खेलमा नेपाल 'ए'ले अस्ट्रेलियन क्यापिटल टेरिटोरी (एसिटी)लाई ४ विकेटले पराजित गरेको थियो भने सोमबार भएको खेलमा नेपाल 'ए'ले होबार्ट हरिकेन्स एकेडेमीलाई ३९ रनले पराजित गरेको थियो । त्यसअघि नेपाल 'ए' पहिलो खेलमा एनटी स्ट्राइकसँग ८ विकेट तथा बङ्गलादेशको 'ए' टोलीसँग ९ विकेटले पराजित भएको थियो।

# तनहुँमा ९८४ मेट्रिक टन खायन आलु उत्पादन

**पोखरापत्र संवाददाता**
दमौली, ११ भदौं

तनहुँमा खायन जातको आलु उत्पादन बढ्न थालेको छ। अघिल्लो वर्षको तुलनामा यस वर्ष १८ प्रतिशतले उत्पादन बढेको हो।

आर्थिक वर्ष २०८२/८३ मा ७४० रोपनी क्षेत्रफलमा खायन जातको आलुखेती गरिएको थियो। सो वर्ष ९८५ मेट्रिक टन आलु उत्पादन भएको थियो । कृषि विकास कार्यालय तनहुँका कार्यालय प्रमुख परशुराम अधिकारीले समुदायस्तरमा खायन आलु उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएपछि उत्पादन बढेको जानकारी दिनुभयो । कार्यालयले किसानलाई आवश्यक बीउ, कृषि सामग्री तथा कृषि उपकरण अनुदानमा उपलब्ध गराउँदै आएको छ। कार्यालयले ५९ हजार किलो आलुको बीउ वितरण गरेको थियो।

समुदायस्तरमा खायन आलु उत्पादन प्रवर्द्धन कार्यक्रमबाट ६०४ जना किसान प्रत्यक्ष रूपमा लाभान्वित भएका छन् । जसमध्ये महिलाको सङ्ख्या २९९ र पुरुषको सङ्ख्या ३०५ जना रहेको छ । किसानलाई उत्पादन सामग्री र कृषियन्त्र उपकरणमा सहयोग पुर्‍याउँदै आलुखेतीलाई व्यावसायिकतातर्फ उन्मुख गराउने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको अधिकारीले बताउनुभयो।

आलु उत्पादन प्रवर्द्धनका लागि रु ४८ लाख १० हजार बजेट विनियोजन गरिएकामा रु ४६ लाख ४१ हजार खर्च भएको छ । कार्यक्रमअन्तर्गत १५ वटा कृषक समूह तथा कृषि सहकारीलाई कृषि उत्पादन सामग्री तथा कृषि यन्त्र उपकरण खरिदमा अनुदान सहयोग उपलब्ध गराइएको थियो। सामूहिक खेती तथा सहकारीमार्फत उत्पादनलाई व्यवस्थित गर्दै किसानलाई बजारसँग जोड्ने उद्देश्यले समूह तथा सहकारी प्राथमिकतामा राखिएको छ। तनहुँमा आलु उत्पादनको पछिल्लो अवस्थाले किसान परम्परागत खेती प्रणालीबाट क्रमशः आधुनिक प्रविधितर्फ आकर्षित हुँदै गएको अधिकारीको भनाइ छ। उत्पादन सामग्रीसँगै कृषियन्त्र उपकरणमा सहयोग पाएपछि किसानलाई खेती गर्न सहज हुनुका साथै उत्पादन लागत घटाउने र उत्पादकत्व बढाउने अवसर सिर्जना भएको उहाँले उल्लेख गर्नुभयो।

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
बागलुङ

## एउटै व्यक्ति भएको सूचना



गण्डकी प्रदेश बागलुङ जिल्ला बागलुङ नगरपालिका वडा नं. ८ निवासी भारतिय भू.पू.नं. JC ६२९५३८ F 2/9 GR का सुबेदार गोविन्द बहादुर कार्कीको नेपाली नागरिकता प्रमाणपत्रमा नाम थर गोविन्द बहादुर कार्की र जन्म मिति २०१९/१२/१० भएको र निजको भारत सरकारबाट जारी भएको सम्पूर्ण कागजातमा नाम थर GOVINDA BAHADUR CHHETRY र जन्म मिति ई.सं. १९६३/११/१९ उल्लेख भएको र निजको पत्नी मिना कुमारी कार्कीको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर मिना कुमारी कार्की र जन्म मिति वि.सं. २०२१/०८/१४ उल्लेख भएको र निजको पतिको भारत सरकारबाट जारी भएको सम्पूर्ण कागजातमा पत्नीको नाम थर MINA KUMARI CHHETRI र जन्म मिति ई.सं. १९६५/०१/२८ उल्लेख भई फरक परेतापनि उल्लखित दुई नाम थर र दुई जन्म मिति भएको व्यक्तिहरु फरक नभई एउटै व्यक्ति भएको भनी बागलुङ नगरपालिका, ८ नं. वडा कार्यालय, बागलुङको च.नं. ४९, मिति २०८३/०४/२२ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ।

**प्रमुख जिल्ला अधिकारी**

# फलेवास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## खानीगाउँ, पर्वत
## गण्डकी प्रदेश, नेपाल

## ढुंगा गिटी वालुवाको निकासी कर संकलन सम्बन्धी शिलबन्दी दरभाउ/बोलपत्र आह्वानको सूचना।

**प्रथम पटक प्रकाशित मितिः २०८३/०५/११**

फलेवास नगरपालिकाको अठारौं नगर सभाको निर्णय अनुसार आफ्नो नगरक्षेत्रभित्रका खोला नदीहरुबाट आ.व.०८३/८४ मा उल्लिखित स्थानहरूमा ढुङ्गा, गिट्टी बालुवा लगायत नदीजन्य पदार्थको उत्खनन तथा निकासी कर संकलन गर्न आय ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईजाजत प्राप्त इच्छुक फर्म, संस्था वा कम्पनीहरुलाई तपसिलका शर्तको अधीनमा रही सिलवन्दी दरभाउपत्र पेश गर्न यो ३० दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

**शर्तहरुः**

१. दरभाउ/बोलपत्र फाराम खरिद गर्न फलेवास नगरपालिकाको राजस्व पोर्टल sutrarevenue.fcgo.gov.np मार्फत बैंक वा कार्यालयमा सम्पर्क गरी तोकिएको दरभाउपत्र दस्तुर (फिर्ता नहुने गरी ठेक्का अनुसारको) जम्मा गरेको सक्कल भौचर पेश गरी यो सूचना प्रकाशित भएको मितिले ३० औं दिनसम्म कार्यालय समयभित्र खरिद गर्न सकिनेछ। उक्तदिन सार्वजनिक विदा भएमा भोलिपल्ट कार्यालय समयभित्र फर्म खरिद गर्न सकिनेछ।

२. ठेक्का नं अनुसारको छुट्टाछुट्टै दरभाउ/बोलपत्र ३१ औं दिनको दिउँसो १२:०० बजेसम्म कार्यालयमा पेश गरिसक्नु पर्नेछ साथै सोही दिनको दिउँसो १:०० बजे यस कार्यालयमा दरभाउ/बोलपत्र खोलिने छ। उक्त दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट निर्धारित समयमा उक्त कार्य हुनेछ।

३. दरभाउ/बोलपत्र साथ आफूले कवोल गरेको अङ्कको कम्तीमा ५% धरौटी रकम फलेवास नगरपालिकाको राष्ट्रिय वाणिज्य बैंक फलेवास शाखामा रहेको धरौटी खाता नं.ग-३, ३५४०१००३०३००००२ मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नु पर्नेछ। साथै राष्ट्र वैंकवाट मान्यता प्राप्त बैंकको दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिन म्याद रहेको वैंक ग्यारेन्टी लाई समेत मान्यता दिइने छ।

४. दरभाउ/बोलपत्र पेश गर्दा कबोल गरेको रकम अङ्क र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ। अङ्क र अक्षर फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ।

५. दरभाउ/बोलपत्र स्वीकृत भएपछि कवोल रकम बढिमा दुई किस्तामा बुझाउन सकिनेछ। रकम बुझाउंदा कवोल अंक सहित सोको भ्याट र अग्रीम आय करको रकम समेत बुझाउनुपर्नेछ। सम्झौताको बखत एकमुष्ठ रकम नबुझाउने भए वांकी दोस्रो किस्ताको लागि धितो (सेक्युरीटी वण्ड) वापत मिति २०८४ साल श्रावण मसान्त सम्म म्याद भएको राष्ट्र वैंकवाट मान्यता प्राप्त वैंकको जमानतको (ग्यारेन्टी) सक्कल पत्र पेश गर्नुपर्नेछ।

६. विक्री एवं निकासी करको दर मु.अ.कर वाहेक प्रति क्यूविक फिट रु.८ (अक्षरुपी आठ मात्र) हुनेछ।

७. रित नपुगी वा म्याद नाघी आएको दरभाउ/बोलपत्र उपर कुनै कारवाही हुने छैन।

८. ठेक्का सञ्चालन गर्दा नियमानुसार लाग्ने सम्पूर्ण कर ठेकदार स्वयमूले व्यहोर्नु पर्नेछ।

९. दरभाउ/बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार सम्पूर्ण रुपमा यस कार्यालयमा निहित रहनेछ।

१०. उल्लेखित अलग-अलग ठेक्काहरूको लागि दररेटको विस्तृत विवरण सम्बन्धित फर्म, संस्था वा कम्पनीले यस कार्यालयमा सम्पर्क राखेको समयमा उपलब्ध गराइनेछ।

११. नियमानुसार असार १ गते देखि भाद्र मसान्तसम्म उत्खनन र संकलन कार्य गर्नपाइने छैन। ठेक्काका अन्य शर्तहरू सम्झौता पत्रमा उल्लेख गरिनेछ साथै अन्य कुराहरू प्रचलित कानुन बमोजिम हुनेछ। थप कुराहरू वुझ्नु परेमा कार्यालय समयभित्र कार्यालयमा सम्पर्क राख्न सकिने छ।

१२. कुनै पनि फर्म, संस्था वा कम्पनीले एक भन्दा बढि आय ठेक्काको लागि ठेक्का अनुसार छुट्टाछुट्टै दरभाउ/बोलपत्र पेश गर्नुपर्नेछ।

१३. यो ठेक्काको म्याद २०८४ जेठ मसान्त सम्म रहनेछ।

१४. दरभाउ/बोलपत्र पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरुः-
   क. फर्म इजाजत एवं दर्ता प्रमाण पत्र (नियमानुसार नविकरण भएको) को प्रतिलिपी।
   ख. स्थायी लेखा नं. (भ्याट दर्ता प्रमाण पत्र) को प्रतिलिपी।
   ग. आ.व.०८२/८३ कर चुक्ता गरेको प्रमाण पत्रको प्रतिलिपी, तर २०८३ आश्विन मसान्त सम्म आ.व. ०८१/८२ को करचुक्ता पनि मान्य हुनेछ।
   घ. कालो सूचीमा नरहेको स्वयं घोषणा पत्र।

**तपसिल**

| आय ठेक्का नं | वगर तथा नदी क्षेत्र | न्यूनतम कवोल अंक (भ्याट र कर वाहेक) | दरभाउ दस्तुर |
|---|---|---|---|
| ०१।०८३।८४ | श्रीकाङ्ग कालीगण्डकी छेस्लाङ्ग वगर, फनपा ११ | १७,७२,०००।- (सत्रलाख बहत्तर हजार) | रु ३००० |
| ०२।०८३।८४ | कटुवा वगर फनपा ४ मुडिकुवा | १८,२६,०००।-(अठारलाख छब्बीसहजार) | रु ३००० |

**प्रमुख प्रशासकीय अधिकृत**

# जनप्रतिनिधि र कर्मचारीद्वारा आठ लाख बढी सहयोग

**पोखरापत्र संवाददाता**
दमौली, ११ भदौं

रसुवाको भोटेकोशीसहितका क्षेत्रमा गएको बाढीका कारण प्रभावित नागरिकको राहत तथा उद्धारका लागि म्याग्दे गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु आठ लाख २३ हजार ९१७ सहयोग गर्ने भएका छन् ।

म्याग्दे गाउँपालिकाको कार्यपालिकाको आज बसेको बैठकको निर्णयअनुसार गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीले आफ्नो पाँच दिनको तलब बराबरको रकम राहत कोषमा जम्मा गर्ने निर्णय गरेका हुन् ।

गाउँपालिकाका लेखा अधिकृत शिवजी थापाका अनुसार जनप्रतिनिधि तथा कर्मचारीको पाँच दिनको तलबबाट सङ्कलित रु आठ लाख २३ हजार ९१७ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिनेछ। यसअघि गाउँपालिकाले कार्यपालिकाको निर्णयअनुसार कोषमा पालिकाका तर्फबाट थप रु पाँच लाख सहयोग गर्ने निर्णय भइसकेको छ ।

गाउँपालिकाले विपद्बाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले उक्त सहयोग गर्ने निर्णय गरेको प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले बताउनुभयो। बाढीबाट प्रभावित परिवारको पीडामा साथ दिन गाउँपालिकाले आफ्नो सामर्थ्यअनुसार सहयोग गर्न स्थानीय नागरिकलाई समेत अपिल गरेको छ ।

# मुस्ताङमा स्याउ टिप्न कार्यतालिका

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ११ भदौं




हिमाली जिल्ला मुस्ताङमा स्याउ टिप्ने कार्यतालिका सार्वजनिक गरिएको छ । छिटो पाक्ने स्याउ यही भदौ १५ गतेदेखि टिप्नुपर्नेछ। यस्तै ढिलो पाक्ने स्याउ भने यही भदौको तेस्रो सातापछि मात्रै टिप्न पाइने तालिका तय गरिएको हो ।

उक्त कार्यतालिका कार्यान्वयनमा लैजान सबै स्थानीय तह, कृषक र व्यापारीलाई अनुरोध गरिएको कृषि तथा पशु सेवा विकास कार्यालय मुस्ताङका प्रमुख डा लालमणि अर्यालले जानकारी दिनुभयो । मुस्ताङका किसानले स्थानीय र हाइब्रिड स्याउ खेती गर्दै आएका छन् । स्याउको 'सिजन' सुरु भएसँगै व्यापारी मुस्ताङ आउन थालेका छन् ।

अग्रिम रूपमा पैसा बुझाएका व्यापारीले स्याउ टिप्न हतार गरेपछि जिल्ला समन्वय समितिले छलफल गरेर कार्यतालिका तय गरेको हो । घरपझोङ–५ ठिनीका वडाध्यक्ष प्रदीप थकालीका अनुसार मुस्ताङको स्याउको पहिचान राख्न सबैको साथ र सहयोग जरुरी छ । कतिपय कृषक र व्यापारीले मुनाफाका लागि हतार हतार बजार पुऱ्याउँदा मुस्ताङको स्याउको गुणस्तरप्रति उपभोक्ताले गुनासो गर्ने गरेका थिए । गुनासो आउन नदिन छलफलका आधारमा कार्यतालिका निर्धारण गरिएको जिल्ला समन्वय समिति मुस्ताङका प्रमुख माया गुरुङले जानकारी दिनुभयो । कृषि तथा पशु सेवा विकास कार्यालयका अनुसार गत बर्ष मुस्ताङमा रु एक अर्ब बराबरको स्याउ उत्पादन भएको थियो ।

# पोखरा विश्वविद्यालयको परीक्षा स्थगित

**पोखरापत्र संवाददाता**
पोखरा, ११ भदौं

गण्डकी प्रदेशमा रहेको पोखरा विश्वविद्यालयले सञ्चालन गरिरहेको वार्षिक परीक्षा स्थगित गरिएको छ ।

यही भदौ १० गते भोटेकोशी नदीमा गएको बाढीका कारण सिर्जना भएको विषम परिस्थितिलाई मध्यनजर गर्दै विश्वविद्यालयले लिइरहेको स्नातकतर्फको वार्षिक परीक्षा स्थगित गरिएको जनाएको छ । विश्वविद्यालयका परीक्षा नियन्त्रक राजु पाण्डेयले पोखरा विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालयबाट सञ्चालन भइरहेको स्नातकतर्फको 'स्प्रिङ २०२६' अन्तर्गतको यही भदौ १३, १४ र १५ गतेको निर्धारित सम्पूर्ण विषयको परीक्षा स्थगित गरिएको जानकारी दिनुभयो ।

# ३३ देशका ६४४ पर्यटक सम्पर्कविहीन

**रासस**
काठमाडौं, ११ भदौं

रसुवाको भोटेकोशीमा आएको बाढीमा परेर ३३ देशका ६४४ पर्यटक सम्पर्कविहीन भएका छन् ।

नेपाल पर्यटन बोर्डले दिएको जानकारीअनुसार बुधबार बिहान भोटेकोशीमा आएको बाढीमा परेर १२७ नेपालीसहित ६४४ पर्यटक सम्पर्कविहीन भएका हुन्। पर्यटन बोर्डका निमित्त प्रमुख कार्यकारी अधिकृत (सिइओ) हिक्मतसिंह ऐरले विभिन्न कम्पनीमार्फत गोसाइँकुण्ड र कैलाश मानसरोवर गएका ६४४ पर्यटक सम्पर्कविहीन भएको राससलाई जानकारी दिनुभयो ।

बेपत्ता हुनेमा सबैभन्दा धेरै भारतीय पर्यटक रहेका छन् । हालसम्म भारतका १७८, अमेरिकाका ६५, युक्रेनका ५३, मलेसियाका ५१, अष्ट्रेलियाका ३५ जना, संयुक्त अधिराज्य बेलायतका ३३ जना, क्यानडाका २५ जना रहेका छन् ।

यसबाहेक सिङ्गापुर, दक्षिण अफ्रिका, न्युजिल्याण्ड, जापान, जर्मनी, फ्रान्स, रुस, स्पेन, आयरल्याण्ड,नेदरल्याण्डलगायतका ३३३ देशका नागरिक बाढीमा परेर सम्पर्कविहीन भएको नेपाल पर्यटन बोर्डले जनाएको छ । बाढीले टिमुरे र स्याफ्रुबेंसी क्षेत्रका बस्ती, प्रहरीचौकी र भन्सार कार्यालयमा ठूलो क्षति पुऱ्याएको छ । बाढीका कारण रसुवागढी नाका जोड्ने सडक र पुलहरू समेत क्षतिग्रस्त भएको छ ।


**नेपाल सरकार**
**भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
**भूमि व्यवस्थापन तथा अभिलेख विभाग**
**भूमि प्रशासन कार्यालय, कास्की**
**पोखरा**

**भूमि प्रशासन कार्यालय कास्कीबाट जारी भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।**

सूचना प्रकाशित मिति २०८३/०५/०९

यसमा कास्की जिल्ला साविक भदौरे तमागी वडा नं. २ को हाल अन्नपूर्ण गा.पा वडा नं. ४ वस्ने आसपुरे गुरुङको नाती मन प्रसाद गुरुङको छोरा प्रेम बहादुर गुरुङले आफ्नो साईला बाजेको छोरा काका मनिलाल गुरुडको मिति २०३५/१०/१६ मा र निजको श्रीमती जगनसुवा गुरुङको पनि २०८०।०९।२९ मा मृत्यू भएको र निजहरु निसन्तान रहेको हुदा मृतक मनिलाल गुरुङ र निजको श्रीमती जगन सुवा गुरुङको लालन पालन, औषधी उपचार, काज क्रिया समेत आफुले गरेको हुदा मृतक काका मनिलाल गुरुङका नाममा दर्ता श्रेस्ता पुर्जा कायम रहेका कास्की जिल्ला साविक भदौरे तमागी २ मा रहेका तपसिलका जग्गा आफ्नो नाममा एकलौटी नामसारी गरी पाउँ भनि माग निवेदन पेश हुन आएको हुदाँ सम्बन्धित सबैको जानाकारीका लागी यो सूचना प्रकासित गरीएको छ। निवेदक बाहेक अन्य कोही हकदार भएमा वा अन्य कोही कसैको हकदाबी भएका वा नामसारी गरिदिन नहुने कुनै कारण भए यो सूचना प्रकासन भएको मितिले वाटोको म्याद बाहेक ३५ दिनभित्र सबुत प्रमाण सहित आफु वा ऐनले दिन मिल्ने वारेस पठाई लिखत उजुर गर्नुहोला अन्यथा नियम अनुसार नामसारी भई जाने व्यहोरा समेत सूचित गराईन्छ।

तपशिल

| गा.वि.स. | वडा नं. | कित्ता नं. | किसिम | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| भदौरे तमागी | २ | १७२<br>१४५<br>१६४<br>२९४<br>२९०<br>२९९ | खेत चाहार<br>पाखो दोयम<br>पाखो दोयम<br>खेत सिम<br>पाखो चाहार<br>खेत सिम | ३-०-१-३<br>०-१०-३-२<br>०-१२-१-३<br>१-६-१-१<br>०-१४-३-१<br>२-४-१-१ | मृतक मनिलाल गुरुङ निजको श्रीमति निसन्तान र रहेको र निजहरुको पालन पोषण औषधी उपचार काज क्रिया आफुले गरेको हुदा आफ्नो नाममा एकलौटी नामसारी गरी पाउँ भन्ने माग दावी । |



**एउटै व्यक्ति भएको सूचना**



पर्वत जिल्ला मोदी गाउँपालिका वडा नं. २ बस्ने भारतीय भु.पु. सैनिक नं. 14604721-P, Hav. BABU RAM SHARMA को श्रीमती राम कुमारी शर्माको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर राम कुमारी शर्मा (Ram Kumari Sharma) उल्लेख भएको तर श्रीमानको भारतीय पेन्सन अभिलेखमा निजको नामथर राम कुमारी (Ram Kumari) उल्लेख भई नेपाली नागरिकता प्रमाणपत्र र श्रीमानको भारतीय पेन्सन अभिलेखमा नामथर फरक परेता पनि उल्लेखित फरक नामथर भएको व्यक्ती एउटै भएको भनी मोदी गाउँपालिका २ नं. वडा कार्यालय पर्वतको च.नं. १०१, मिति २०८३/०५/०८ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, पर्वत**



**एउटै व्यक्ति भएको सूचना**



लमजुङ जिल्ला क्व्होलासोथार गाउँपालिका वडा नं.०२ निवासी भारतीय भु.पू.सैनिक नं. ३७७४४ H RFN का चित्र बहादुर तामाङ गुरुङको श्रीमतीले प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर सुनमाया तामाङ गुरुङ उल्लेख भएको र निजको भारतीय सैनिक अभिलेखमा नामथर सुन माया उल्लेख भई फरक परेतापनि उल्लेखित नामथर गरेको व्यक्ति फरक फरक नभई एकै भएको बेहोरा म क्व्होलासोथार गाउँपालिका २ नं. वडा कार्यालयको च.नं.५९ मिति २०८३/०५/०८ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, लमजुङ**



**फलेवास नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**खानीगाउँ, पर्वत**
**गण्डकी प्रदेश, नेपाल**

**ढुंगा गिटी वालुवाको निकासी कर संकलन सम्बन्धी शिलबन्दी दरभाउ/बोलपत्र आह्वानको सूचना ।**

**प्रथम पटक प्रकाशित मितिः २०८३/०५/११**

फलेवास नगरपालिकाको अठारौं नगर सभाको निर्णय अनुसार आफ्नो नगरक्षेत्रभित्रका खोला नदीहरुबाट आ.व.०८३/८४ मा उल्लिखित स्थानहरूमा ढुङ्गा, गिट्टी बालुवा लगायत नदीजन्य पदार्थको उत्खनन तथा निकासी कर संकलन गर्न आय ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईजाजत प्राप्त इच्छुक फर्म, संस्था वा कम्पनीहरुलाई तपसिलका शर्तको अधीनमा रही सिलवन्दी दरभाउपत्र पेश गर्न यो १५ दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

**शर्तहरुः**

१. दरभाउ/बोलपत्र फाराम खरिद गर्न फलेवास नगरपालिकाको राजस्व पोर्टल sutrarevenue.fcgo.gov.np मार्फत बैंक वा कार्यालयमा सम्पर्क गरी तोकिएको दरभाउपत्र दस्तुर (फिर्ता नहुने गरी ठेक्का अनुसारको) जम्मा गरेको सक्कल भौचर पेश गरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र खरिद गर्न सकिनेछ। उक्तदिन सार्वजनिक विदा भएमा भोलिपल्ट कार्यालय समयभित्र फर्म खरिद गर्न सकिनेछ।
२. ठेक्का नं अनुसारको छुट्टाछुट्टै दरभाउ/बोलपत्र १६औं दिनको दिउँसो १२:०० बजेसम्म कार्यालयमा पेश गरिसक्नु पर्नेछ साथै सोही दिनको दिउँसो १:०० बजे यस कार्यालयमा दरभाउ/बोलपत्र खोलिने छ। उक्त दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट निर्धारित समयमा उक्त कार्य हुनेछ।
३. दरभाउ/बोलपत्र साथ आफूले कवोल गरेको अङ्कको कम्तीमा ५% धरौटी रकम फलेवास नगरपालिकाको राष्ट्रिय वाणिज्य बैंक फलेवास शाखामा रहेको धरौटी खाता नं.ग-३, ३५४०१००३०३००००२ मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नु पर्नेछ। साथै राष्ट्र वैंकवाट मान्यता प्राप्त बैंकको दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिन म्याद रहेको वैंक ग्यारेन्टीलाई समेत मान्यता दिइने छ।
४. दरभाउ/बोलपत्र पेश गर्दा कबोल गरेको रकम अङ्क र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ। अङ्क र अक्षर फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ।
५. दरभाउ/बोलपत्र स्वीकृत भएपछि कवोल रकम बढिमा दुई किस्तामा बुझाउन सकिनेछ। तर रु १० लाख भन्दा कम रकमको ठेक्काको ठेक्का रकम एकमुष्ठ बुझाउनु पर्नेछ। रकम बुझाउँदा कवोल अंक सहित सोको भ्याट र अग्रीम आय करको रकम समेत बुझाउनुपर्नेछ। सम्झौताको बखत एकमुष्ठ रकम नबुझाउने भए वाँकी दोस्रो किस्ताको लागि धितो (सेक्युरीटी वण्ड) वापत मिति २०८४ साल श्रावण मसान्त सम्म म्याद भएको राष्ट्र वैंकवाट मान्यता प्राप्त वैंकको जमानतको (ग्यारेन्टी) सक्कल पत्र पेश गर्नुपर्नेछ।
६. विक्री एवं निकासी करको दर मु.अ.कर वाहेक प्रति क्यूविक फिट रु. ८ (अक्षरुपी आठ मात्र) हुनेछ।
७. रित नपुगी वा म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।
८. ठेक्का सञ्चालन गर्दा नियमानुसार लाग्ने सम्पूर्ण कर ठेकदार स्वयमूले व्यहोर्नु पर्नेछ।
९. दरभाउ/बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार सम्पूर्ण रुपमा यस कार्यालयमा निहित रहनेछ।
१०. उल्लेखित अलग-अलग ठेक्काहरूको लागि दररेटको विस्तृत विवरण सम्बन्धित फर्म, संस्था वा कम्पनीले यस कार्यालयमा सम्पर्क राखेको समयमा उपलब्ध गराइनेछ।
११. नियमानुसार असार १ गतेदेखि भाद्र मसान्तसम्म उत्खनन र संकलन कार्य गर्नपाइने छैन। ठेक्काका अन्य शर्तहरू सम्झौता पत्रमा उल्लेख गरिनेछ साथै अन्य कुराहरू प्रचलित कानुन बमोजिम हुनेछ। थप कुराहरू वुझ्नु परेमा कार्यालय समयभित्र कार्यालयमा सम्पर्क राख्न सकिने छ।
१२. कुनै पनि फर्म, संस्था वा कम्पनीले एक भन्दा बढि आय ठेक्काको लागि ठेक्का अनुसार छुट्टाछुट्टै दरभाउ/बोलपत्र पेश गर्नुपर्नेछ।
१३. यो ठेक्काको म्याद २०८४ जेठ मसान्तसम्म मात्र रहनेछ।
१४. दरभाउ/बोलपत्र पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरुः-
    क. फर्म इजाजत एवं दर्ता प्रमाण पत्र (नियमानुसार नविकरण भएको) को प्रतिलिपी।
    ख. स्थायी लेखा नं. (भ्याट दर्ता प्रमाण पत्र) को प्रतिलिपी।
    ग. आ.व.०८२/८३ कर चुक्ता गरेको प्रमाण पत्रको प्रतिलिपी, तर २०८३ आश्विन मसान्तसम्म आ.व. ०८१/८२ को करचुक्ता पनि मान्य हुनेछ।
    घ. कालो सूचीमा नरहेको स्वयं घोषणा पत्र।

**तपसिल**

| आय ठेक्का नं | वगर तथा नदी क्षेत्र | न्यूनतम कवोल अंक (भ्याट र कर वाहेक) | दरभाउ दस्तुर |
|---|---|---|---|
| ०३।०८३।८४ | वालुवावगर राताढुंगा वगर (क्याम्पस पछाडी) फनपा-६ | ६,८५,०००।- (छलाख पचासीहजार मात्र) | रु १००० |
| ०४।०८३।८४ | टुटुङ्गा चंदारेघाट कालीगण्डकी वगर फनपा-६ | ७,५९,०००।- (सातलाख उन्साठीहजार) | रु १००० |
| ०५।०८३।८४ | जैमिनीघाट वगर फनपा-६ | ७,९७,०००।- (सातलाख सन्तान्नब्बे हजार) | रु १००० |
| ०६।०८३।८४ | चिरुवा ढुंगा कालीगण्डकी वगर फनपा-१० | २,२९,०००।- (दुईलाख उन्तीस हजार) | रु १००० |
| ०७।०८३।८४ | कर्नास कालीगण्डकी छोरे बगर फनपा-११ | २,२८,०००।- (दुईलाख अठ्ठाइसहजार) | रु १००० |

प्रमुख प्रशासकीय अधिकृत